पवित्र त्रिएक

पाष्टरीय तालीम पुस्तिका

११

तालीम र वृद्धि

T&M ®

त्रिएकको काम

परमेश्वर एकै हुनुहुन्छ भनी बाइबलले स्पष्ट रुपमा बताउँछ । "हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ" (व्यवस्था ६:४)। हेर्नोस् यशैया ४४:८ पनि । बाइबलले यो पनि सिकाउँदछ कि परमेश्वर पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ ।

पवित्र त्रिएकका तीन व्यक्तिहरुलाई अलग पार्न सकिन्न । उनीहरुले जे गर्दछन्, उनीहरुले साथसाथै गर्दछन्, उनीहरु केवल एउटै परमेश्वर हुन् ।

"त्रिएक" शब्दको अर्थ यही हो कि परमेश्वर एकै हुनुहुन्छ, तर तीन "व्यक्तिहरु" मा प्रकट हुनुहुन्छ ।

त्रिएक अनि सृष्टि

बाइबलले बताउँदछ कि सौरमण्डलको सृष्टिमा त्रिएकको हर क व्यक्ति संलग्न थियो: पिता (१ कोरन्थी ८:६), पुत्र (यूहन्ना १:३), अनि पवित्र आत्मा (उत्पत्ति १:२)। परमेश्वरको रुपमा, पुत्र मानिसको रुपमा जन्मनुभन्दा अघिदेखि नै अस्तित्वमा हुनुहुन्थ्यो:

"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।"
(उत्पत्ति १:१)



सबै थोक उहाँद्वारै सृजिएका हुन् ।
(कलस्सी १:१६)

"र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैहुनुहुन्थ्यो ।" ९ (उत्पत्ति १:२)

त्रिएक अनि खीष्टको अवतार

पिताले पुत्रलाई यस संसारमा पठाउनभयो । उहाँ मरियममा पवित्र आत्माद्वारा गर्भधारण हुनुभयो ।

"पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात पर मेश्वरका पुत्र कहलाइनुहुनेछ ।"

(लूका १:३५)

परमेश्वर एउटै हुनुहुन्छ । यसैकारण, हरेक कुरा जो उहाँले गर्नुहुन्छ त्रिएकको यी तीन अविभाज्य व्यक्तिहरुसित सम्बन्धित हुन्छन् ।

त्रिएक अनि येशूको बप्तिस्मा

त्रिएकको तीन अविभाज्य व्यक्तिहरु येशूको बप्तिस्मामा प्रकट भएका थिए:

"र पवित्र आत्मा शारीरिक रुपमा ढुकुर जस्तो उहाँमाथि ओर्लनुभयो । अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, 'तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म प्रसन्न छु'।"

(लूका ३:२२)



परमेश्वर आत्माको उपस्थिति देखियोस् भनेर उहाँ ढुकुरको रुपमा देखा पर्नुभयो ।

त्रिएक, एक बलिदान, अनि जीवन दिने पुनरुत्थान

पवित्र आत्माद्वारा पितामा अर्पित हुनुहुँदै परमेश्वर पुत्र हाम्रो निम्ति मर्नुभयो ।



"खीष्टको रगतले त झन् कति बढी गरी तिमीहरुका विवेकलाई मरेका कामहरुबाट शुद्ध पार्नेछ, ताकि तिमीहरु जीवित परमेश्वर को सेवा गर्न सक । किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रुपमा परमेश्वरलाई अर्पण गर्नुभयो ।"

(हिब्रू ९:१४)

...येशू खीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरको पुत्र ठहरिनुभयो ।

(रोमी १:४)

त्रिएक अनि पापको कायल

परमेश्वर आत्माले मानिसहरुलाई उनीहरुको पापको निम्ति कायल पार्नुहुन्छ। जब उनीहरुले येशू खीष्टमा विश्वास गर्दछन् अनि उनीहरु उहाँमा धर्मी ठहरिन्छन्, परमेश्वर पिताले उनीहरुलाई उहाँका सन्तानको रुपमा ग्रहण गर्नुहुन्छ।

"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरुकहाँ पठाइदिनेछु, अर्थात सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ..... जब उहाँ आउनुहन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ।"

(यूहन्ना १५:२६, १६:८)

किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तर वारभन्दा बढी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी जोर्नी र हाडको गुदीसम्मलाई भाग भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।

(हिब्रू ४:१२)

त्रिएक अनि खीष्टको मृत्युद्वारा क्षमादान

"किनभने परमेश्वर (पिता) ले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो ।"

(यूहन्ना ३:१६)



उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं ।

(एफिसी १:७)

तर तिमीहरु धोइयौ, पवित्र पारियौ, प्रभु येशू खीष्टको नाउँमा हाम्रा परमेश्वर का आत्माद्वारा निर्दोष ठहराइयौ ।

(१ कोरन्थी ६:११)

त्रिएक अनि हाम्रो आत्मिकी नयाँ जन्म

नयाँ जन्म पाएको समयदेखि नै हामी बचाइएका छौं । यो नयाँ जन्म त्रिएकको कामबाट भएको हो । हामी

- परमेश्वर पिताबाट जन्मिएका हौं ।
  (याकूब १:१७-१८, यूहन्ना १:१२-१३)

- परमेश्वर पुत्रद्वारा नयाँ गरी जन्मिएका हौं ।
  (१ पत्रुस १:३, तीतस ३:५-६)

- पवित्र आत्माद्वारा फेरि जन्मिएका हौं ।
  (यूहन्ना ३:६-७, तीतस ३:५-६)

हाम्रो मुक्ति एउटै परमेश्वरको काम हो ।

- परमेश्वर पिताले हाम्रो मुक्तिको आज्ञा दिनुभयो ।
  (एफिसी १:३-६)

- परमेश्वर पुत्रले यसलाई उहाँको मृत्यु र पुनरुत्थानद्वारा प्रभावशाली तुल्याउनु भयो । (रोमी ४:२५)

- परमेश्वर आत्माले हामीमा ख्रीष्टको कामलाई प्रयोगमा ल्याउनुभयो । (१ कोरन्थी ६:११)

परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं ।

(१ पत्रुस १:३)

नयाँ, अनन्त सृष्टि



"तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।"

(तीतस ३:५)

त्रिएक अनि पवित्र आत्माले भरिनु

येशू खीष्टमा विश्वास गर्ने जति सबैलाई परमेश्वरले पवित्र आत्मा भरिदिनुहुन्छ । 'तिमीहरु पुत्र भएका हुनाले परमेश्वर आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले 'हे अब्बा, पिता !' भनेर पुकार्नुहुन्छ ।



"त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु । तिमीहरुका छोराछोरीहरुले अगमवाणी बोल्नेछन् । तिमीहरुका बूढा मानिसहरु स्वप्नदर्शी हुनेछन्, र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन् ।"

(योएल २:२८)

"यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ (येशू) उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनु, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईहरु देख्नु र सुन्नुहुन्छ ।"

(प्रेरित २:३३)

त्रिएक अनि हाम्रो पवित्रता

परमेश्वर पिताले आज्ञा गर्नुहुन्छ कि हामी पवित्र बनौं । हामी येशू खीष्टको बलिदानद्वारा बचाइएका अनि पवित्र आत्माद्वारा पवित्र पारिएका हौं । उहाँ अब हामीमा बास गर्नुहुन्छ अनि हाम्रो भित्री इच्छामा परिवर्तन ल्याउनुहुन्छ । हामीले खीष्टलाई ग्रहण गर्दा परमेश्वरले हामीलाई सिद्ध रुपमा निर्दोष ठहरिएको देख्नुहुन्छ । हुनत, हाम्रो पुरानो नराम्रा स्वभावमा अझ पनि धेरै सुधार ल्याउन अनि शरीरका कामहरुमाथि विजय पाउन बाँकी नै रहेको हुन्छ ।

"...येशू खीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरुलाई ।" (१ पत्रुस १:२)

"पवित्र होओ, किनभने म पवित्र छु ।" (१ पत्रुस १:१६)

हाम्रो पवित्रताको विभिन्न दृष्टिकोण छः

- ख्रीष्टमा विश्वास गर्नेहरुलाई येशूको रगतले परमेश्वरको अघि शुद्ध पारिन्छन् । हामीले विश्वास गरको समयदेखि नै पवित्र आत्माले शुद्ध पार्नुहुन्छ । (प्रेरित २:३८, १ कोरन्थी १:२, १ पत्रुस १:२)

- अर्को कुरा, हामी ख्रीष्टमा झन झन बढ्दै जान्छौं । हामी त्यो दिनको प्रतीक्षामा छौं, जब हामी महिमामा सिद्ध हुनेछौं अनि हामीले उहाँलाई आमने सामने देख्नेछौं । (एफिस ४:१३-१५, फिलिप्पी १:६, ३:१२-१६, १ यूहन्ना ३:२-३)

एक असुरक्षित व्यक्तिमा शैतानले नयाँ जन्मको नकल गरिदिनुसक्छ । विश्वासद्वारा ख्रीष्टको काममा विश्वास नगर्नको निम्ति शारीरिक लालसा हालिदिनसक्छ अनि विश्वास गर्नुभन्दा अघि विभिन्न प्रकारका चिन्हहरु माग्न लगाउँछ । (मत्ती १२:३८-४२) यसरी पवित्रताको फल पाउन सकिन्न । नगहीरो धर्मबाट पाइने उत्साह चाँडै सेलाउँछ । यसको "विश्वास" मात्र अस्थायी हुन्छ ।

- पवित्र आत्मा अति नै पवित्र परमेश्वर हुनुहुन्छ । यसैकारण, पवित्र आत्माद्वारा साँचो नयाँ जन्म अन्तमा गएर हाम्रो साँचो पवित्रतामा परिणत हुन्छ ।

  साँचो परिवर्तन स्थायी हुन्छ, यो त्यसै बगिजाने भावना होइन । (२ कोरन्थी ३:१८, रोमी ८:२६-२९)

त्रिएक अनि मण्डली

मण्डली खीष्टको देह हो । उहाँले नै यसलाई निर्देशन दिनुहुन्छ । मण्डली कुनै भवन होइन । यो ता मानिसहरुको देह हो जो पवित्र आत्माद्वारा प्रभु येशू खीष्टमा जोडिन्छन् ।

येशू खीष्ट देह अर्थात मण्डलीको शीर हुनुहुन्छ । हामीले खीष्टद्वारा परमेश्वर पितालाई प्रशंसा चढाउँदछौं ।

अभ्यासको काम

- त्रिएकको अविभाज्य तीन व्यक्तिहरुले कसरी सँगै काम गर्दछन् भन्ने रहस्य बताउँदै, परमेश्वर पिता, पुत्र र पवित्र आत्माको महान कामहरुको बारेमा शिक्षा दिनोस् ।

टिप्पणीहरु:

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

011NP01A-01